नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

# सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०१/२५**

**सूचना नं.: MOEST/INTM/लिलाम-१/०८१/८२**

यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८२/०२/०८ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १,०००/- (एक हजार रुपैयाँ मात्र) रकम यस मन्त्रालयको राष्ट्रिय वाणिज्य बैङ्क सिंहदरवारस्थित राजस्व खाता नं १३०००१००२०००१०००० वा एभरेष्ट बैंक लिमिटेड सिंहदरवारस्थित राजश्व खाता नं. ००१००१०६२००००००, कार्यालय कोड नं. ३५०००३५०१, राजस्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस मन्त्रालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. मन्त्रालयमा दर्ता भएका बोलपत्रहरु १६औं दिनको १:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस मन्त्रालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र आन्तरिक व्यवस्थापन शाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क सिंहदरवार शाखामा रहेको धरौटी खाता नं. १९६०१००१०२०३०००० मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस मन्त्रालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै मन्त्रालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।